नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## सिंहदरबार, काठमाडौं

(स्रोत परिचालन समन्वय शाखा)

प.सं. ०७५/७६

च.नं. १९

मिति : २०७५।५।२९

बिषय : नयाँ उत्पादित फलामका सामानमा निकासी कर
महसुल तथा दस्तुर लिन नमिल्ने सम्बन्धमा ।

श्री विरगंज महानगरपालिका

पर्सा ।

प्रस्तुत विषयमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६१ बमोजिम स्थानीय तहले लगाउने कवाडी कर सम्वन्धित स्थानीय तह भित्र उत्पादन र संकलन भएको कवाडी मालबस्तुमा लाग्ने वा त्यस्तो मालवस्तु प्रयोग भै उत्पादन हुने नयाँ वस्तुमा समेत लाग्ने भन्ने स्पष्ट उल्लेख भएको नदेखिएकोले यस विषयमा निर्णयार्थ पेश हुँदा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६१ बमोजिम कवाडी कर लगाउँदा कवाडी मालवस्तु उत्पत्ति र संकलन भएको गाउँपालिका र नगरपालिकाले एक पटक मात्र कर लिन पाउने र कवाडी मालवस्तुको प्रयोग गरी उत्पादित वस्तुमा कवाडी कर लिन नपाउने गरी आवश्यक व्यवस्था मिलाउन विरगंज महानगरपालिका तथा अन्य सबै स्थानीय तहलाई समेत लेखि पठाउने भनी नेपाल सरकार (सचिवस्तर) बाट मिति २०७५।५।२७ मा निर्णय भएकोले सोहि बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

रुद्रलाल भुसाल

शाखा अधिकृत

वोधार्थ

श्री स्थानीय तह (सबै) : निर्णयानुसार गर्नु गराउनु हुन अनुरोध छ ।

श्री सूचना तथा प्रविधी शाखा : **Website** मा **Upload** गरी दिनु हुन ।